नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ४९ २०७७ साल भदौं ३० गते मंगलबार (15 Sep. 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वत: बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : कोशीपीडित बाह्र वर्षसम्म... ३ पृष्ठमा : एक हजार १७० संक्रमित,... ३ पृष्ठमा : बाइडेनको चुनावी प्रचारका...

## डायलायसिस गराउने ६ तथा एक चिकित्सक र एक स्वास्थ्यकर्मी पनि संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौं ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालजमा नियमित डायलायसिस गराउँदै आएका ६ जना तथा एक चिकित्सक र एक स्वास्थ्यकर्मी पनि सोमबार कोरोना संक्रमित भएका छन् ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाका अनुसार संक्रमित हुनेहरुमा अस्पतालको इमरजेन्सी विभागमा कार्यरत एक डाक्टर तथा सर्जरी विभागमा काम गर्ने एक स्वास्थ्यकर्मी समेत रहेका छन् ।

यस्तै एक प्रहरी र करदाता सेवा केन्द्रका एक कर्मचारीमा पनि संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

संक्रमित हुने अन्यमा तिलाठी कोइलाडी गाउँपालिकाका ३, राजविराज नगरपालिका, सुरुङ्गा नगरपालिकाका २/२ तथा खडक नगरपालिका, महदेवा गाउँपालिका र विष्णुपुर गाउँपालिकाका १/१ जना गरि कुल १६ जनामा संक्रमण पुष्टि भएको छ ।

यता संक्रमित डाक्टर र स्वास्थ्यकर्मीलाई होम आइसोलेशन तथा अन्य बाँकी

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरीमा निषेधाज्ञा अन्त्य

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौं ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले सोमबार रती १२ बजेदेखी जिल्लामा जारि निषेधाज्ञालाई अन्त्य गरेको जनाएको छ ।

जिल्ला स्तरिय कोभिड १९ संकट व्यवस्थापन केन्द्रको सिफारिस र जिल्ला सुरक्षा समितिको सोमबार साँझ बसेको बैकठले जिल्लामा गत साउन ८ गतेदेखी लगाइएको निषेधाज्ञालाई सुरक्षा र स्वास्थ्यको मापदण्ड तोकि हटाउने निर्णय गरेको थियो ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशाकीय अधिकृत एंव सूचना अधिकारी आनन्द ठाकुरका अनुसार पसल, व्यवसायी, बैंक तथा बित्तिय संस्था, सरकारी कार्यालय, स्थानिय तह, उद्योग, कलकारखाना लगायतले सरकारबाट जारि भएको सुरक्षा र जनस्वास्थ्य मापदण्डको पूर्ण पालना गरि संचालनमा ल्याउन सक्ने अनुमति प्रदान गरिएको छ । जिल्ला भित्र निजि सवारीसाधन तथा दुई जना यात्रु मात्र राखेर सिटी रिक्सा चलाउन पाउने छ ।

शिक्षण संस्था, हाट बजार, सभा सम्मेलन लगायतका भने संचालन गर्न नपाइने उनले जानकारी दिएका छन् । यस्तै १० वर्ष मूनी र ६० वर्षमाथीका मानिस र दिर्घरोगिलाई बारिह हिडडुल गर्न

*बाँकी अन्तिम पृष्ठमा*

## सांसद सिंहसहितको टोलीले बाढी प्रभावित क्षेत्रको स्थलगत निरिक्षण गर्दै



**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौं ।**

सप्तरीको पश्चिमी भेगका दुई ठूला नदीहरुको कारण बर्सेनी हुँदै आएको क्षतिको अवस्था बुझी समस्या समाधानको लागि पहल गर्न राष्ट्रिय सभाका सदस्य शेखरकुमार सिंहले थालेको स्थलगत अवलोकन कार्यलाई निरन्तरता दिएका छन् ।

यसैक्रममा सोमबार राष्ट्रिय सभाको राष्ट्रिय सरोकार समन्वय समितिका सदस्य समेत रहेका साँसद सिंहले सप्तरीको बोदे बर्साइन नगरपालिकाको पूर्वी सिमानामा रहेको खड्क नदी र पश्चिमी सिमानामा रहेको बिहुल

*बाँकी दुई पृष्ठमा*

**NOVEL CORONA VIRUS (nCOV)**
**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# महामारीसँग सँगै बाच्न सिकौं

सप्तरीमा झण्डै साढे पाँच महिनापछि सोमबार राती १२ बजेपछि लकडाउनको अन्त्य भएको छ । कोरोना महामारीका कारण गत चैत ११ गतेदेखी मुलुकभर भएको लकडाउन गत साउन ७ मा अन्त्य भएपनि सप्तरीमा साउन ८ गतेदेखी पुनः लकडाउन भएको थियो । समुदायस्तरमै कोरोना महामारी फैलिदै जाँदा त्यसलाई नियन्त्रण गर्न स्थानिय प्रशासनले पुनः लकडाउन गरेको हो । राजविराजका एक व्यापारीको कोरोनाका कारण मृत्यु भएपछि उनको सम्पर्कमा आएका अन्य व्यक्तिहरु समेत संक्रमित हुन थालेपछि स्थानिय पालिकाको आग्रहमा कोभिड १९ संकट व्यवस्थापन समितिले निषेधाज्ञा गरेको थियो । संक्रमण समुदाय स्तरमा फैलिन नदिन स्थानिय प्रशासनले निषेधाज्ञा जारि गरि त्यसलाई रोकथामको प्रयास गरेको थियो ।

यसरी झण्डै साढे पाँच महिनाको अन्तरालमा जिल्लाको जनजिवन पूर्ण रुपले प्रभावित बनेको थियो । यस अवधीमा जनताले निकै सास्ती व्यहोर्नु परेको छ । स्थानिय सरकारले कोरोना रोकथाम तथा नियन्त्रणका लागि गरेको काम खासै सह्रानिय नभएपनि सन्तोषजनक रहेको छ । यस्तो अवस्थामा अगामी दिनहरुमा कोरोना रोकथाम तथा नियन्त्रणको प्रयासमा अझै सुधार गर्नु पर्ने आवश्यकता रहेको छ । सबैभन्दा बढी स्थानिय सरकारले जनताको स्वास्थ्य अवस्थालाई ध्यान दिनु पर्ने हुन्छ । यस बाहेक जनताको वास र खाने व्यवस्थामा अतुल्यनिय सुधार गर्नु पर्ने आवश्यकता रहेको छ ।

तसर्थ अबको दिनमा कोरोना महामारीसँग सँगै बाच्न बानि बसाल्नु पर्दछ । सामाजिक दुरी कायम गर्दै आफ्नो दैनिकी जिवनलाई पनि निरन्तरता दिनु पर्ने हुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# कोशीपीडित बाह्र वर्षसम्म पनि टहरामै

धरान, २९ भदौ (रासस) ।

विसं २०६५ अघि पक्की घर भएका कोशी गाउँपालिका-३ स्थित नहरचोकका नुर अन्सारी अहिले फुसको छानाको घरमा बस्नुहुन्छ । बाढीका कारण घरघडेरी र जग्गाजमिन गुमाएपछि उहाँ नहरचोकमा फुसको छाना लगाएर बस्दै आउनुभएको छ ।

सप्तकोशीको बाँध फुटेको १२ वर्ष बित्दा सरकारले दिएको ५० हजार रुपैयाँबाहेक राहतका नाममा अरू केही नपाएको उहाँको गुनासो छ । सरकामा आफ्ना मान्छे र पहुँच हुनेहरुले राहत पाए तर पहुँच नपुग्ने वर्ग अझै पनि राहत पाइन्छ कि भन्ने आशामै छन्, अस्थायी टहरामा रात बिताइरहेका छन् । प्रभावितमध्ये अधिकांश एक वर्ष शिविरमा बसेर घर फर्किएका थिए ।

यो समयमा श्रीपुर, जग्दी कुसाहालगायतका स्थानमा २०६५ सालको बाढीअघि धानका बाला लहलह हुन्थ्यो । तर यसबेला कोशीपीडितको जग्गामा बालुवा छ । कोशी गाउँपालिका-३ पश्चिम कुसाहाका हकिम अन्सारीको खेतमा यतिबेला धान हुन्थ्यो । एक बिगाहा जमिनमा उब्जाएको धानले उहाँको परिवारलाई वर्षभरि खान पुग्थ्यो । तर उहाँलाई यति बेला खान लाउनको समस्या छ ।

विसं २०६५ भदौ २ गते सप्तकोशी नदिले सुनसरीको पश्चिम कुसाहाको पूर्वी तटबन्ध भत्काएर गाउँ पुग्दा सात हजार ५७२ घरपरिवारका ४२ हजार ८०० नागरिक विस्थापित भएका थिए । नुर अन्सारी पनि तीमध्येका एक पीडित हुन् । सुनसरीको खेतीयोग्य पाँच हजार ५०० हेक्टर जमिन बालुवामा परिणत भएको थियो ।

सप्तकोशी नदीले १२ किमी कालोपत्र सडक र १३ किमी कच्ची सडक बगाउँदा लामो समयसम्म यातायात अवरुद्ध हुनुका साथै दर्जनौँ विद्युत्का पोल क्षतिग्रस्त भएको थियो । त्यसबेला देशको पूर्वी क्षेत्र छुट्टै राज्य जस्तो भएको थियो भने सडक यातायात अवरुद्ध हुँदा सप्तकोशी पूर्व र पश्चिम आवतजावत गर्न भारतको बाटो भएर जानु पर्दथ्यो । अथवा ज्यान जोखिममा पारेर डुङ्गाको यात्रा गर्नुपर्दथ्यो । सप्तकोशी नदीले त्यसबेला भारतको विहार राज्यको १८ वटा जिल्लालाई डुबाएको थियो र बाढीबाट ३३ लाख मानिस प्रभावित भएका थिए । सप्तकोशी भदौ २ गते दिउँसो १२ बजेर ४४ मिनेटमा मानवबस्तीमा प्रवेश गरेको थियो । त्यस दिनदेखि माघ १३ गतेसम्म मानवबस्तीमा बगेको थियो । यही दिनलाई बाढीपीडितले कालो दिन भन्दै आएका छन् ।

उनीहरुलाई राहत तथा उद्धार गर्न पूर्वकृषिमन्त्री नन्दन दत्तको संयोजकत्वमा बनेको उच्चस्तरीय आयोगले जग्गाको मुआब्जा र क्षतिपूर्ति भराउन सरकारलाई सिफारिश गरेको थियो । सोहीअनुसार एक अर्ब ६६ करोड पीडितका लागि आए पनि सबै पैसा पीडितले नपाएको कोशी बाढीपीडित सङ्घर्ष समितिका अध्यक्ष पञ्चनारायण मण्डलले बताउनुभयो ।

केही कोशी प्रभावितको अवस्था अहिले पनि जस्ताको त्यस्तै रहेको मण्डल बताउनुहुन्छ । बाढी आएर बस्ती सखाप पारेको १२ वर्ष बित्दासमेत पीडितका लागि भनेर आएको रकम पाएका छैनन् । मण्डलका अनुसार २०६५ चैत १७ गतेको मन्त्रिपरिषद्को बैठकले ३६ सय बिगाह जग्गाको क्षतिपूर्ति दिने, घर निर्माण गर्न प्रत्येकलाई ३० क्युफिट साँखुको काठ, ५७८ घरपरिवारलाई घर मर्मत गर्न २० हजारको दरले रकम र एक हजार ४२२ जना सुकुम्बासीलाई दुई कट्ठाका दरले जग्गा उपलब्ध गराउनका लागि एक अर्ब ६६ करोड रकम निकासा गरेको थियो । तर आफैँ मुआब्जा नपाएको मण्डलले बताउनुभयो । करिब एक हजार ९०० पीडितलाई काठ वितरण गरेर बाँकीलाई नदिएको पीडितले बताएका छन् । पीडितप्रति परिवार ३० क्युफिट साँखुको काठ दिने भनेर मन्त्री परिषद्बाटै निर्णय भएको मण्डलको भनाइ छ । "पीडितलाई राहतका लागि हामी स्थानीय, प्रदेश तथा सङ्घीय सरकारका धेरै निकाय धायौँ तर राहत पाइएन", अध्यक्ष मण्डलले भन्नुभयो, "हामी आफ्नो सम्पत्ति भएर पनि सुकुम्बासी भयौँ तर राज्य जनता सुकुम्वासी भएको हेरेर बस्यो ।"

कोशीपीडित सोमबार १२ वर्षसम्म पनि राज्यविहीनताको अनुभव गरेर टहरोमा दिन गुजार्दै छन् । प्रदेश नं १ का वनमन्त्री जगदिश कुसियतलाई पीडितले कोशी कटान क्षेत्रमै ल्याएर कार्यक्रम गर्दा पनि उहाँले काठ नदिलाएको गुनासो गरे । बाढी प्रभावित क्षेत्रबाट विजयी कुसियत हाल मन्त्री हुनुहुन्छ ।

यता सुनसरीका प्रमुख जिल्ला अधिकारी फडिन्द्रमणि पोखरेलले प्रक्रिया पूरा गरेकाले राहत पाएको र नपुऱ्याउनेले नपाएको हुनसक्ने बताउनुहुन्छ । दैविप्रकोप राहत कोषमा उहाँहरुलाई उपलब्ध गराउन पर्याप्त रकम नरहेको उहाँले बताउनुभयो ।

सप्तकोशी नदीले गरेको महाविनाशले त्यसबेलाको सुनसरीको साविक पश्चिम कुशाह गाविसस्थित तटबन्ध भत्काएर हरिपुर, श्रीपुर र पश्चिम कुशाह पूर्णरुपमा क्षति पुऱ्याएको थियो । लौकही, मधुवन, वसन्तपुर र घुस्कीकाकेशी स्थानमा आंशिक क्षति पुऱ्याएको थियो ।

# मुलुकभर १०२ पत्रकारमा कोरोना सङ्क्रमण, सबैभन्दा बढी प्रदेश नं २ मा

काठमाडौँ, २९ भदौ (रासस) ।

नेपालमा अहिलेसम्म १०२ जना पत्रकारमा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

सुदूरपश्चिमबाहेक बाँकी ६ प्रदेशका १०२ जना पत्रकारमा कोरोना सङ्क्रमण पुष्टि भएको नेपाल पत्रकार महासङ्घले जनाएको छ । महासङ्घका अनुसार तीमध्ये सबैभन्दा बढी प्रदेश नं २ मा २८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो । प्रदेश नं १ मा १७, वाग्मती प्रदेशमा २६, गण्डकी प्रदेशमा १५, प्रदेश नं ५ मा १२ र कर्णाली प्रदेशमा चार जनामा कोरोना सङ्क्रमण पुष्टि भएको महासङ्घका सचिव प्रकाश थापाले जानकारी दिनुभयो । सङ्क्रमितमध्ये केही निको भइसकेका छन् भने केही उपचाररत अवस्थामा रहेको उहाँको भनाइ छ ।

कार्यस्थलमा गई खटिने पत्रकार, फोटो पत्रकारमा बढी सङ्क्रमण देखिएको छ । महासङ्घका महासचिव रमेश विष्टले सङ्क्रमित भएर आइसोलेशनमा बस्दा पनि पत्रकारले कामलाई भने निरन्तरता दिएको बताउनुभयो ।

महासङ्घले महामारीको विषम परिस्थितिमा आफ्नो पेशागत धर्म निर्वाहका क्रममा संवेदनशील भई पूर्वसतर्कताका साथ सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अवलम्बन गरेर काम गर्न सबैमा अनुरोध गरेको छ ।

# कोरोना संक्रमणबाट थप एकको मृत्यु

लहान, २९ भदौ (रासस) ।

कोरोना सङ्क्रमणबाट सिरहामा सोमबार थप एक महिलाको मृत्यु भएको छ ।

सिरहाको कर्जन्हा नगरपालिका-३ बन्दिपुर निवासी ३३ वर्षीया महिलाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यलाय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिनुभयो ।

लामो समयदेखि ज्वरो आइरहेका ती महिला जनकपुरस्थित काव्या अस्पतालमा भर्ना भएकी थिइन् । अस्पतालमै पिसिआर परीक्षण गर्दा उहाँमा कोरोना पुष्टि भएपछि प्रादेशिक अस्पताल जनकपुरमा सारिएको थियो ।

उपचारकै क्रममा उहाँको मृत्यु भएको प्रमुख यादवले बताउनुभयो । योसँगै सिरहामा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ११ पुगेको छ ।

## सांसद सिंहसहितको ...



नदीको स्थलगत अवलोकन निरीक्षण गरेका हुन् ।

उक्त दुवै नदीको कारण बोदे बर्साइन नगरपालिकाको दुई सय विघाभन्दा बढी जमीनमा बालुवा थुपार्ने तथा कटान हुँदै आएको छ । वडा नं. २, ५, ७ र १० खड्क नदीबाट र वडा नं. १, ६ र ८ गरी सात वटा वडाहरु बर्सेनी प्रभावित बन्दै आएको बोदे बर्साइन नगरपालिकाका मेयर आतेशकुमार सिंह यादवले समितिका सदस्य साँसद सिंहलाई जानकारी गराएका थिए ।

दुई ठूला नदीको बीचमा पर्ने नगरपालिकाका जनताको बर्षायाममा जीवन कष्टप्रद बन्दै आएको बताउँदै मेयर सिंहले हरेक बर्ष बर्षायाममा दशदेखि पन्द्रह वटा गाउँहरु प्रभावित बन्दै आएको जानकारी गराए ।

बिहुल नदीको बाढीको कारण अहिले कोशी पश्चिमी नहरसमेत भत्किएको छ । बिहुल नदीको पूर्वी र पश्चिमी भागमा नहर भत्किएको हो । सो क्रममा उनले खड्क नदीमा निर्माणाधिन पुलको समेत निरीक्षण गरेका छन् ।

राष्ट्रिय सरोकार समन्वय समितिका सदस्य साँसद सिंहले नगरपालिकाका वडा अध्यक्षहरुसँग समेत नदीहरुको कारण उत्पन्न समस्याहरुको बारेमा छलफल गरेका छन् । सो क्रममा उनले आफ्नो समितिमार्फत नदीबाट उत्पन्न समस्याहरुको ठोस समाधानकालागि सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता समेत व्यक्त गरे ।

सप्तरीस्थित विभिन्न नदीको कारण जनताले भोग्दै आएको समस्याहरुको बारेमा बुझ्न स्थलगत अवलोकन निरीक्षण अभियानै सञ्चालन गरेका राष्ट्रिय सभा सदस्य सिंहले यसअघि सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र हनुमाननगर कंकालिनी नगरपालिकामा नदीले पार्दै आएको प्रभावको स्थलगत निरीक्षण गर्नुका साथै समस्या बारे स्थानियसँग जानकारी समेत लिएका थिए ।

निरिक्षणको क्रममा उनले त्रियुगा, मयुरनी, बन्द्राहा, अमहा, गंगाजली, सप्तकोशी, महुली, जिता लगायतका दर्जनबढी नदीहरुको कारण बर्सेनी हुँदै आएको डुबान, कटान तथा बालुवा थुपार्ने समस्याको स्थलगत निरीक्षण गर्नुका साथै बाढी नियन्त्रणका लागि दिर्घकालिन उपाय अपनाउने बारे सम्बन्धीत व्यक्ति तथा प्राबिधिकहरुसँग छलफल समेत गरेका थिए ।

सो अवलोकन निरीक्षण टोलीमा पूर्व साँसद सूर्यनाथ प्रसाद यादव, जसपाका २ नम्बर प्रदेश सचिव दिनेशकुमार यादव, जिल्ला अध्यक्ष केदार यादव, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंह लगायतको सहभागीता रहेको छ ।

# एक हजार १७० संक्रमित, ८७९ डिस्चार्ज

काठमाडौँ, २९ भदौ (राासस) ।

कोराना भाइरस (कोभिड १९)को सङ्क्रमण सोमबार एक हजार १७० जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विगत २४ घण्टामा ३९९ महिला र ७७१ पुरुषमा सङ्क्रमण देखिएको बताउनुभयो । उहाँका अनुसार १० हजार ८७८ जनामा गरिएको पिसिआर परीक्षणमा एक हजार १७० जनामा सङ्क्रमण देखिएको हो ।

सोमबार देखिएकासँगै नेपालमा अहिलेसम्म सङ्क्रमितको सङ्ख्या ५५ हजार ३२९ पुगेको छ । त्यस्तै अहिलेसम्म कूल आठ लाख ५१ हजार ४०५ जनामा पिसिआर परीक्षण गरिएको छ ।

यस्तै विगत २४ घण्टामा ८७९ जना डिस्चार्ज भएका छन । हालसम्म ३९ हजार ५७६ जना डिस्चार्ज भएका छन । कोभिड १९ जितेर ७१.५४ प्रतिशत सङ्क्रमित घर फर्किसकेका छन । यस्तै सङ्क्रमितमध्ये १५ हजार ३९३ सक्रिय छन । यस्तै सात हजार २७५ होमआइसोलेसन, आठ हजार ११८ संस्थागत आइसोलेसन र छ हजार ८९२ जना क्वारेन्टिनमा छन ।

यसैगरी सङ्क्रमितमध्ये सघन उपचार कक्ष (आइसियु)मा १७९ र भेन्टिलेटरमा २९ जना रहेका छन । आइसियुमा प्रदेश नं. १ मा पाँच, प्रदेश नं २ मा नौ, वागमतीमा १२९, गण्डकीमा छ, प्रदेश नं ५ मा २० जना र कर्णाली प्रदेशमा १० जना छन । यस्तै भेन्टिलेटरमा प्रदेश नं. १ मा एक, वागमतीमा २६, प्रदेश नं. ५ मा एक र सूदुरपशिचम प्रदेशमा एक जना रहेका छन ।

**सात जिल्ला सङ्क्रमण शून्य**

मन्त्रालयका प्रवक्ता डा. गौतमा अनुसार ५०० भन्दा बढी सङक्रमित भएका सात जिल्ला मोरङ, सुनसरी, सर्लाही, काठमाडौ, चितवन, भक्तपुर र रूपन्देही छन् । सङ्क्रमति शुन्य रहेकामा सोलुखुम्बु, मनाङ, मुस्ताङ, म्याग्दी, डोल्पा, मुगु र हुम्ला रहेका छन् ।

**उपत्यकामा १२ हजार सङ्क्रमित**

काठमाडौँ उपत्यकामा मात्र हालसम्म कोरोना भाइरस (कोभिड १९) सङ्क्रमितको सङ्ख्या १२ हजार पुगेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले काठमाडौँ उपत्यकामा हालसम्म १२ हजार २४८ जनामा सङ्क्रमण देखिएको बताउनुभयो ।

देशभरमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या ५५ हजार ३२९ पुगेको छ । तीमध्ये १० हजार सङ्क्रमित काठमाडौँ जिल्लाका रहेका छन । काठमाडौँ जिल्लामा महिला तीन हजार ३०२ र पुरुष छ हजार ७२४ जना रहेका छन् । यस्तै ललितपुरमा एक हजार १९१ जनामा ५४१ महिला र ६५० पुरुष तथा भक्तपुरमा एक हजार ३१ जना सङ्क्रमितमा ४२८ जना महिला र ६०३ पुरुष छन् । पछिल्लो पटक बन्दाबन्दी खुकुलो भएसँगै उपत्यकामा सङ्क्रमितको सङ्ख्या बढ्न थालेको हो । अहिले दैनिक ४०० को हाराहारीमा उपत्यकामा सङ्क्रमित बढ्न थालेका छन् । सोमबारैमात्र उपत्यकामा ५१२ जना सङ्क्रमित फेला परेका छन । काठमाडौँमा ४८०, भक्तपुरमा ४३ र ललितपुरमा २९ जना सङक्रमित फेला परेका छन ।

**१८ जिल्लामा एक हजारभन्दा बढी सङ्क्रमित**

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखका अनुसार एक हजारभन्दा बढी सङ्क्रमित हुने जिल्ला उपत्यकासहित १८ वटा छन । काठमाडौ जिल्लापछि पर्सामा सवभन्दा बढी सङ्क्रमित देखिएका छन । पर्सामा दुई हजार ५४४, सर्लाहीमा दुई हजार २७९, मोरङमा दुई हजार २६७, रौतहटमा दुई हजार ९, कैलालीमा एक हजार ९९०, धनुषामा एक हजार ९०३ र रूपन्देहीमा एक हजार ७८४ जनामा सङ्क्रमण देखिएको छ ।

यस्तै बाँकेमा एक हजार ४५०, महोत्तरीमा एक हजार ४२३, चितवनमा एक हजार ३४४, सुनसरीमा एक हजार ३१६, कपिलवस्तुमा एक हजार २७७, बारामा एक हजार २३७, दैलेखमा एक हजार ९९ र डोटीमा एक हजार २० जना रहेका छन् । नेपालमा अहिलेसम्म कुल ३९ हजार ५७६ जना डिस्चार्ज भएका छन् ।

# शान्ति स्थापना गर्न जाने सैनिकमा कोरोना पुष्टि भएपछि उडान स्थगित

काठमाडौँ, २९ भदौ (रासस) ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापना गर्न लिविया (अन्समिल)मा तैनाथ हुन जाने नेपाली सेनाका केही जवानमा कोरोना सङ्क्रमण पुष्टि भएपछि सोमबार त्यसतर्फ जाने तयारीमा रहेका उडान स्थगन भएको छ ।

नेपाली सेनाका प्रवक्ता सन्तोषबल्लभ पौडेलका अनुसार, शान्तिस्थापनार्थ लिविया जान लागेको ११६ जना शान्ति सैनिकमध्ये ३५ भन्दाबढीमा कोभिड-१९ पोजेटिभ देखिएपछि सोमबारका लागि तय भएको उडान स्थगन भएको हो । युनाइटेड मिसन गार्ड युनिटका रुपमा रहेको उक्त टोलीमा १७ महिला सैनिकको समेत सहभागिता छ ।

काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा तालिम पूरा गरी चार महिनादेखि क्वारेन्टिनमा रहेका फौजमध्ये उडानपूर्व गरिएको पछिल्लो परीक्षणमा ती जवानलाई सङ्क्रमण पुष्टि भएको जानकारी दिइएको छ ।

संयुक्त राष्ट्र सङ्घको शान्ति सैनिक बोक्ने विमान नेपाली शान्ति सैनिकलाई लिन गएराति आउने र सोमबारै बिहान टोली त्यसतर्फ जाने पूर्वनिर्धारित कार्यक्रम थियो । त्यसतर्फ जाने जवानमा आइतबार मात्र कोरोना अचानक पुष्टि भएपछि उडान स्थगन गर्नुपरेको जनाइएको छ ।

सङ्क्रमण देखिएका व्यक्तिको कन्टयाक ट्रेसिङ गरी उक्त टोलीमा रहने सबैको पुनः स्वास्थ्य परीक्षणपछि मात्र लिबियातर्फ जान उडानको मिति तय गरिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

वैशाखमा नै लिबिया जानुपर्ने उक्त शान्ति सैनिकको टोली विश्वभर फैलिएको कोभिड-१९ का कारण चार महिना रोकिएको थियो । ती सैनिकमा परीक्षणपूर्व कुनै लक्षण नेखिएकाले आफैँमा ठूलो अनुसन्धानको विषय बनेको छ ।

यसअघि अहिलेकै प्रक्रिया अपनाएर क्वारेन्टिनमा बसी द्वन्द्वग्रस्त मुलुक माली, कार र दक्षिण सुडानमा तैनाथ हुन गएका नेपाली शान्ति सेनामा भने कुनै सङ्क्रमण पुष्टि भएको थिएन । यसैबीच, पछिल्लो समय नेपाली सेनाका सकलदर्जामा कोभिड-१९ बाट सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेको छ ।

भदौ १७ गतेसम्म ५०८ जनामा मात्र पोजेटिभ पुष्टि भएकामा २८ गतेसम्म आइपुग्दा त्यो सङ्ख्या बढेर एक हजार ३८३ सैनिक सङ्क्रमित भइसकेको प्रवक्ता पौडेलले जानकारी दिनुभयो । कोभिड-१९ बाट सङ्क्रमित सैनिकमध्ये हालसम्म २९४ जना निको भएर घर फर्किसकेका छन् भने एक हजार ८९ जना कोरोनाका सक्रिय बिरामी हुन् ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### बाइडेनको चुनावी प्रचारका लागि ब्लुमबर्गले दिए १० करोड डलर चन्दा

वासिङ्टन, २९ भदौ (रासस-एपी) ।

न्यूयोर्क नगरका पूर्व मेयर माइकल ब्लूमबर्गले डेमोक्रेटिक पार्टीबाट राष्ट्रपतिका उम्मेदवार जो बाइडेनको चुनावी प्रचारमा सघाउन १० करोड अमेरिकी डलर चन्दा दिने घोषणा गर्नु भएको छ । यो रकम विशेषगरी फ्लोरिडा राज्यमा चुनावी अभियानमा खर्च गरिने छ ।

आगामी नोभेम्बरमा हुने चुनावमा राष्ट्रपतिका दुई उम्मेदवारहरु राष्ट्रपति डोनाल्ड ट्रम्प र डेमोक्रेटिक पार्टीका जो बाइडेनबीच कडा प्रतिस्पर्धा हुने जनमत सर्बेक्षणहरुले देखाएका छन् । अझ "ब्याटलग्राउन्ड" राज्यका रुपमा चिनिने फ्लोरिडामा दुबै उम्मेदवारबीच मतान्तर अति झिनो छ ।

अमेरिकामै सबैभन्दा ठूलो राज्यका रुपमा रहेको फ्लोरिडामा विजयी हुन दुबै उम्मेदवारले विशेष ध्यान दिएका छन् । दोस्रो कार्यकालको खोजीमा रहनु भएका राष्ट्रपति ट्रम्पलाई फ्लोरिडामा विजयी हुनैपर्ने चुनौती छ ।

अमेरिकी चुनावमा राष्ट्रपतिमा विजयी हुन २७० निर्वाचन मण्डल प्राप्त गर्नु पर्नेछ । रिपब्लीकन पार्टीका नेताहरु फ्लोरिडामा विजयी हुनेमा विश्वस्त देखिएका छन् । सन् २०१८ मा सम्पन्न सिनेट चुनावमा पनि यहाँ रिपब्लीकन उम्मेदवार विजयी भएका थिए ।

रिपब्लीकन पार्टीले फ्लोरिडाका ल्याटिनो मतदातालाई आकर्षित गर्न करोडौं रकम खर्चिएको छ । पछिल्ला मतसर्बेक्षणले पनि ल्याटिनो समुदायको मत ट्रम्पतर्फ झुकेको देखाएका छन् । यहाँ डेमोक्रेटिक पार्टीका उम्मेदवार बाइडेन पछि पर्न थाल्नु भएको देखिएको छ ।

अमेरिकी अर्बपति ब्लूमबर्गले गत वर्ष आफैं डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपतिको उम्मेदवार हुने भन्दै चुनावी अभियान पनि थाल्नु भएको थियो । उहाँले चुनावमा करिब एक अर्ब डलर खर्चिनु भएको थियो, तर पर्याप्त जनसमर्थन नपाएपछि बाइडेनलाई समर्थन गर्दै चुनावी प्रतिस्पर्धा त्याग्नु भएको थियो ।

ब्लूमबर्गले यसअघि पनि ट्रम्पलाई पराजित गर्न भन्दै डेमोक्रेटिक पार्टीका लागि करोडौं डलर खर्च गरिसक्नु भएको छ । उहाँले आफ्नो चुनावी कार्यक्रमबाट बचेको करिब १ करोड ८० लाख डलर यसअघि नै डेमोक्रेटिक राष्ट्रिय समितिलाई हस्तान्तरण गरिसक्नु भएको छ ।

### 'कोभिड १९' बाट विश्वमा नौ लाख २८ हजार भन्दा बढीको मृत्यु

जेनेभा, स्वीट्जरल्याण्ड, २९ भदौ (रासस/एएफपी) ।

विश्वभरी कोरोना भाइरस सङ्क्रमणबाट नौ लाख २८ हजार ३४० जनाको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले सोमबार जानकारी दिएको छ ।

सो संगठनका अनुसार विश्वमा दुई करोड ९१ लाख ८९ हजार ६५५ जना कोरोना भाइरस सङ्क्रमित भएका छन् । यद्यपी विश्वमा कोरोना भाइरस सङ्क्रमित दुई करोड १० लाख ३१ हजार ७६८ व्यक्ति कोरोना मुक्त भएका छन् ।

हाल विश्वमा ७२ लाख २९ हजार ७४७ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरुको उपचार भइरहेको पनि सो संगठनले जानकारी दिएको छ । सङ्क्रमितहरु मध्ये ६० हजार ५११ जनाको अवस्था गम्भीर रहेको जनाएको छ ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण संयुक्त राज्य अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ ।

कोरोना भाइरसबाट अन्त्यत प्रभावित दश ओटा देशहरुको डब्लुएचओद्वारा प्रकाशित तथ्याङ्क यी रहेका छन् ।

अमेरिकामा ६७ लाख ८ हजार ४५८ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन् । यहाँ ३९ लाख ७४ हजार ९४९ जना कोरोना भाइरस मुक्त भएका छन् भने १ लाख ९८ हजार ५२० व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।

भारतमा ४८ लाख ४६ हजार ४२७ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ ३७ लाख ८० हजार १०७ कोरोना भाइरस मुक्त भएका छन् भने ७९ हजार ७५४ जनाको मृत्यु भएको छ ।

ब्राजिलमा ४३ लाख ३० हजार ४५५ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ ३५ लाख ७३ हजार ९५८ कोरोना भाइरस मुक्त भएका छन् भने १ लाख ३१ हजार ६६३ जनाको मृत्यु भएको छ ।

रुस १० लाख ६२ हजार ८११ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन । यहाँ ८ लाख ७६ हजार २५५ कोरोना भाइरस मुक्त भएका छन् भने १८ हजार ५७८ जनाको मृत्यु भएको छ ।

पेरुमा ७ लाख २९ हजार ६१९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ । यहाँ ५ लाख ६६ हजार ७९६ जना कोरोना भाइरस मुक्त भएका छन् भने ३० हजार ७१० जनाको मृत्यु भएको छ ।

कोलम्बिया ७ लाख १६ हजार ३१९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ । यहाँ ५ लाख ९९ हजार ३८५ कोरोना भाइरस मुक्त भएका छन् भने २२ हजार ९२४ जनाको मृत्यु भएको छ ।

मेक्सिकोमा ६ लाख ६८ हजार ३८१ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ । यहाँ ४ लाख ७१ हजार ६२३ कोरोना भाइरस मुक्त भएका छन् भने ७० हजार ८२१ जनाको मृत्यु भएको छ ।

दक्षिण अफ्रिकामा ६ लाख ४९ हजार ७९३ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ । यहाँ ५ लाख ७७ हजार ९०६ कोरोना भाइरस मुक्त भएका छन् भने १५ हजार ४४७ जनाको मृत्यु भएको छ ।

स्पेनमा ७ लाख ७६ हजार ६९७ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २९ हजार ७४७ जनाको मृत्यु भएको छ ।

अर्जेन्टिना ५ लाख ५५ हजार ५३७ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ । यहाँ ४ लाख १९ हजार ५१३ कोरोना भाइरस मुक्त भएका छन् भने ११ हजार ३५२ जनाको मृत्यु भएको छ ।

# नागरिकता बाहेकको सबै सेवा संचालन

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौं ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले मंगलवारदेखी जिल्ला भरि लागु गरिएको निषेधाज्ञा हटाएको छ । यस्तै कार्यालयले नागरिक्ता र प्रतिलिपी वाहेकका सबै सेवा मंगलबारदेखी सुचारु हुने जनाएको छ ।

कार्यालयका प्रवक्ता आनन्द ठाकुरद्वारा सोमबार जारि सूचनामा "नेपाल सरकार, मन्त्रिपरिषदकमो साउन २६ गतेको वैठकको निर्णय नं. ४(क) र जिल्ला संकट ब्यवस्थापन केन्द्रको भदौ २९ गतेको वैठकको निर्णय नं. १(ठ) को आधारमा नयाँ नागरिक्ता र प्रतिलिपी नागरिक्ता वितरण सम्वन्धी कार्यहरु पछि निर्णय भई सोहि अनुसार जानकारी गराउने र हाललाई सो वाहेकका सम्पुर्ण सेवारकार्यहरु भदौ ३० गतेदेखि सुचारु गरिएको छ ।" उल्लेख छ ।

# भन्सार छलेको सामानहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौं ।**

सप्तरीस्थित बिभिन्न स्थानमा खटिएका प्रहरी गस्ती टोलीले भारतबाट नेपाल तर्फ अबैध रुपमा भन्सार छलि ल्याउँदै गरेका विभिन्न सामानहरु नियन्त्रणमा लिएको छ ।

प्रहरीले सुर्ती १० किलो, कुर्ता सुरूवालको कपडा ८ पिस, साडी ९ पिस, मामाश्री नामक रक्सि ४ कार्टुन, कबिर छाप खैनी ३० पोका, बिडी १ बोरा, दुध १० पोका, हरियो मटर ५ बोरा (१२५ के.जि.), भारतीय बिआर ३२ डि ४०३२ नम्बरको र नेपाली नम्बरको स ५ प ७०१९ नं. को मोटरसाइकल समेत नियन्त्रणमा लिएको जनाएको छ ।

नियन्त्रित सामानहरुलाई राजविराजस्थित भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### डायलायसिस ...

संक्रमतिलाई साईकृष्णा मेडिकल कलेजस्थित आइसोलेशन सेन्टरमा राखी उपचार गरिने गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. झाले जानकारी दिएका छन् ।

सप्तरीमा यो समेत संक्रमितको कुल संख्या १ हजार ३४ पुगेको छ । ती मध्ये ८ जनाको मृत्यु भएको छ भने ७ सय ३६ जना निको भई डिस्चार्ज भएर घर फर्किसकेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

### सप्तरीमा ...

तथा सैलुन, ब्युटिपार्लर, जिमखाना, मेला, महोत्सव तथा अन्य सामूहिक भेलामा पनि रोक लगाइएको छ । यसैगरि जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्रदान गरिने नागरिकता हाललाई बन्द रहने तथा अन्य सेवाहरु सूचारु भएको उनले बताए ।

# तोपामा प्रसुति गृह संचालन



**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौं ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले वडा नं. ८ लस्तोपास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा सोमबारदेखि प्रसुति सेवा केन्द्र सञ्चालन भएको छ ।

प्रदेश नं २ का भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साह र राष्ट्रियसभा सदस्य शेखरकुमार सिंहले प्रसुति गृह केन्द्रको सोमबार संयुक्त रुपमा उद्घाटन गरेपछि संचालनमा आएको हो ।

उद्घाटनपछि आयोजित कार्यक्रममा मन्त्री साहले मातृ, बाल तथा शिशु मृत्युदर प्रदेश नं २ मा अत्यधिक रहेको हुँदा त्यसलाई कम गर्न सबैको सकारात्मक पहल आवश्यक रहेको बताए ।

उनले शिक्षा र स्वास्थ्यको अवस्था राम्रो भएमा मात्रै विकासले गति लिने बताउँदै निषेधाज्ञा मात्रै लगाएर कोरोना सङ्क्रमणको महामारीलाई नियन्त्रण गर्न नसकिने उनको भनाइ थियो ।

भौतिक विकासलाई मात्रै विकास भएको ठान्ने प्रवृति उपयुक्त नरहेको उल्लेख गर्दै उनले अब शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि उल्लेखीय विकास गर्नु पर्ने आवश्यक रहेको बताए ।

यस्तै राष्ट्रियसभा सदस्य सिंहले राजविराजमा गठन भएको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम यथाशिघ्र सूचारु गर्न माग गर्दै प्रसुति सेवा केन्द्रलाई नमूना बनाउन सबैसँग आग्रह समेत गरे ।

गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले तिलाठी, लौनिया र सकरपुरामा समेत अबिलम्ब प्रसुति सेवा केन्द्र सञ्चालन गरिने बताए । अध्यक्ष सिंहले तोपा प्राथमिक स्वास्थ्य केन्द्रमा निकट भविष्यमै टेलीमेट्री प्रणालीबाट सेवा प्रदान गरिनुका साथै एक्सरे सेवा तथा आकस्मिक सेवासमेत सञ्चालन गरिने जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहको अध्यक्षतामा आयोजित सो कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झा, जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियाँलाल यादव, वडा नं. ५ का अध्यक्ष राजेन्द्र साह, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य अवधेशकुमार झा, सेभ द चिल्ड्रेनका देवकृष्ण भगत, सेभ द सप्तरीका विष्णुकान्त देव, ब्यवस्थापन समितिका उपाध्यक्ष ललन दास, राधेश्याम यादवसहितले मन्तब्य ब्यक्त गरेका थिए ।

वडा नम्बर ८ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा दान गर्नुहुने ईञ्जिनियर शैलेन्द्रकुमार झालाई गाउँपालिका अध्यक्ष सिंहले दोसल्ला ओढाई सम्मान गरेका थिए ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिंसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु→
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*